# ल्हुम्पेकी झ्याउँरे गीत

## (१०१ टुक्का)

२०५५

संकलक:

भुवन थापा 'बहुवि'

# प्राक्कथन

गुल्मी जिल्ला अन्तर्गत सत्यवती गाउँपालिका स्थित ठूलोलुम्पेक क्षेत्र लोकसंस्कृति, लोकसङ्गीत र मौखिक परम्पराले समृद्ध क्षेत्रका रूपमा परिचित छ। यहाँ बसोबास गर्ने मगर समुदायले पुस्तौंदेखि आफ्ना भावना, अनुभव, जीवनदर्शन र सामाजिक सम्बन्धलाई लोकगीतका माध्यमबाट अभिव्यक्त गर्दै आएका छन्। यस्ता लोकगीतहरूमध्ये झाउँरे गीत विशेष लोकप्रिय र जीवन्त सांस्कृतिक सम्पदाका रूपमा रहेको छ। झाउँरे गीतले स्थानीय समाजको जीवनशैली, रहनसहन, प्रेम, विरह, सुख-दुःख, श्रम, प्रकृति तथा सामाजिक सम्बन्धका विविध पक्षलाई कलात्मक रूपमा अभिव्यक्त गर्दछ।

परम्परागत रूपमा झाउँरे गीत स्थानीय चाडपर्व, विवाह, पूजाआजा, मेलापर्व तथा अन्य सामाजिक अवसरहरूमा सामूहिक रूपमा गाइने गरिन्छ। गीत गाउने क्रममा पुरुषले गीत झिक्ने र महिलाले त्यसलाई छोप्दै गीतलाई पूर्णता दिने विशिष्ट शैली पाइन्छ। लस्के सालैजो, ठाडो भाका, लेकाली, कालीपारे आदि विभिन्न भाकामा गाइने यी गीतहरूमा बीच-बीचमा चोटिला टुक्काहरू प्रयोग गरी प्रस्तुतिलाई अझ आकर्षक र प्रभावकारी बनाइन्छ।

तर आधुनिक जीवनशैली, सञ्चार माध्यमको प्रभाव र नयाँ पुस्ताको बदलिँदो रुचिका कारण यस्ता मौलिक लोकगीतका टुक्काहरू क्रमशः लोप हुने अवस्थामा पुगेका छन्। विशेषगरी मौखिक रूपमा पुस्तान्तरण हुँदै आएका धेरै गीतहरू लिखित अभिलेखको अभावमा हराउने जोखिममा रहेका छन्। यही सन्दर्भलाई दृष्टिगत गरी ठूलोलुम्पेक क्षेत्रका ज्येष्ठ व्यक्तिहरूबाट गाईंदै आएका झाउँरे गीतका टुक्काहरू सङ्कलन, लिपिबद्ध र संरक्षण गर्ने प्रयास गरिएको हो।

यस सङ्कलनले स्थानीय लोकसाहित्यको संरक्षणमा योगदान पुऱ्याउनुका साथै भावी पुस्तालाई आफ्नो सांस्कृतिक पहिचान र मौलिक लोकपरम्पराबारे जानकारी गराउन सहयोग पुग्ने विश्वास गरिएको छ। यो मेरो सानो प्रयास मात्र हो, यो पूर्णता हैन। ल्हुम्पेक सामुदायिक सिकाइ केन्द्र, ल्हुम्पेक कला तथा साहित्य यात्रा श्रृखलाको क्रममा प्रस्तुत गरिएको एउटा अंश मात्र हो। यसमा गीतहरूका १०१ वटा टुक्काहरू जम्मा गरेर वर्णानुक्रममा प्रस्तुत गरेको छु। जसको कारण यसको अर्थभावमा क्रमबद्ध रूपमा प्रासंगिकता मिलेका छैनन्। गाउने क्रममा सप्रसंग शव्दहरू छनौट हुने गर्छन्। यहाँ, उल्लेखित कतिपय शव्दहरू गीत गाउँदाको स्थानीय लबजलाई टिपेर जस्ताको तस्तै राख्ने प्रयास गरिएको छ । जसले, ल्हुम्पेकी कला तथा साहित्यको मौलिकता, भाषिक सौन्दर्य र सांस्कृतिलाई बचाउँन सहयोग पुग्ने आशा र विश्वासका साथ **ल्हुम्पेकी पहिचान** बचाउँदै अघि बढौं भन्न चाहन्छु। गीत संकलनको क्रममा सहयोग पुऱ्याउनु हुने बुबाआमा, दाजुभाई सबै सबै...साथै **ल्हुम्पेक सामुदायिक सिकाइ केन्द्र** प्रति विशेष धन्यवाद आभार ! ल्हुम्पेक कला तथा साहित्य यात्राको निरन्तरताको शुभकामना !!

धन्यवाद !!!

भुवन थापा 'बहुवि'

संकलक

## ल्हुम्पेकी झाउँरे गीत

***१***

**अकाशै बेलीले, छोपी देऊ चेलीले...**
रनैलाई खायो बनैलाई खायो अकाशै बेलीले
दुखिया माइतीले गाएको गीत छोपीदेऊ चेलीले ।

***२***

**आगो आयो सलिकँदै, बैंस आयो ढलिकँदै...**
यतिमा राम्रो सिगरेटै सिल्ली आगो आयो सलिकँदै
विहार दान गरी देऊ बाबै बैंस आयो ढलिकँदै ।

***३***

**आलुको तरकारी, काम परो सरखारी...**
सिमला बजार पातलो रोटी आलुको तरकारी
तिरिमा तिरि बिकुलै बजो काम परो सरखारी ।

***४***

**उइ माथि रानी बन, बुझाइदेऊ मेरो मन...**
तललाई परो तीनधारे पाटी उइ माथि रानी बन
कत्तिको रैचौ मायालु रिमै बुझाइदेऊ मेरो मन ।

***५***

**एकु तारा जुनसित, जुग जाने कुनसित...**
अकाशै भरी नमलाखै तारा एकु तारा जुनसित
हाँसीलाई खेली यो सबैसित जुग जाने कुनसित ।

***६***

**ऐरलु खाइचुर, मै पापी आइचुर...**
हातै तीतो मुखैर तीतो ऐरलु खाइचुर
चेलीको मन बिखासै भयो मै पापी आइचुर ।

***७***

**काँकरी चिरुम्ला, दण्ड परे तिरुम्ला...**
सिरुलाई पाते खुकुरी मेरो काँकरी चिरुम्ला
कुरालाई परे नेपालै जाम्ला दण्ड परे तिरुम्ला ।

*८*

**काठैको हनुमान, नछुटाऊ भगुमान...**
नेपालै जाँदा देखेको मैले काठैको हनुमान
दिलैरदेखि लाएको माया नछुटाऊ भगुमान ।

*९*

**कालीपारे बनैमा, के छ तिम्रो मनैमा...**
धिपिलाई धिपि आगैर बलो कालीपारे बनैमा
बलाम्दा खेरी नबोल्ने चेली के छ तिम्रो मनैमा ।

*१०*

**कालिसै कुखुरी, दोछाले खुकुरी...**
बिहानै उठी उकाली लायो कालिजै कुखुरी
हातैमा छाता पावैमा जुता दोछाले खुकुरी ।

*११*

**किनी खाम्ला दामले, कि आम्ला कामले...**
आँधीखोलाको कटले माछा किनी खाम्ला दामले
कि र आम्ला तमाखुको निउले कि आम्ला कामले ।

*१२*

**किनेको खाँकर, लाग्दैन जाँगर...**
सिमरा बजार नाँचुम्ला भनी किनेको खाँकर
मायालु रिमैले नगाएसम्म लाग्दैन जाँगर ।

*१३*

**कोदो बाला घुमरे, बिदामारी हुम...**
धानको बाला यो लरिमा लरि कोदो बाला घुमरे
रातैलाई भरी गाइबसियो चेली बिदामारी हुमरे ।

*१४*

**खरी केलाई खसेको, दिल केलाई बसेको...**
स्वरैमा दिने सै मादलुको खरी केलाई खसेको
गीतैमा गाउने मयालुसँग दिल केलाई बसेको ।

*१५*

**खसो खसो नभने, बस बस नभने...**
शिरैमा लाउने कपासै टोपी खसो खसो नभने
मलाईर परो आत्तुरी बेला बस बस नभने ।

*१६*

**खेत हुने रैचर, भेट हुने रैचर...**
डाँडैलाई चिरी कुलरैर लेयो खेत हुने रैछर
सपनीमा देखेको मैले भेट हुनलाई रैचर ।

*१७*

**खोलीको तमाने, गाह्रो पिरो नमाने...**
गोठला दाइले घाँसैर काटो खोलीको तमाने
चरन गीत गाई बस्सियो चेली गाह्रो त नमाने ।

*१८*

**खै लागो फालीमा, ओइलायो आलीमा...**
असारै मास जोतने हलो खै लागो फालीमा
मयालाई भनी गाँसेको फूल ओइलायो आलीमा ।

*१९*

**खोलीको झपुला, झनि मया थपुला...**
गोठाला दाईले घाँसैर काटो खोलीको झपुला
पुरानो मया अलिअलि थियो झनि मया थपुला ।

*२०*

**गल्बन्दी  झोंकैमा, म परें फोक्कैमा...**
गोठला दाइले नामलीर बुनो गल्बन्दी झोंकैमा
अरिकैको मया अरिकैलाई भयो म परे फोक्कैमा ।

*२१*

**गाई कोले दुह्यो हो, मन कति रोयो हो...**
भैंसीमा गोठ मै आफै दुह्यैं गाई कोले दुह्यो हो
लागेको मया बिछोतै हुँदा मन कति रोयो हो  ।

*२२*

**गोबरै गोइँठामा, तिमीर दुइटामा...**
ढिपीमा ढिपी आगैर बलो गोबरै  गोइँठामा
कौनलाई छाड्म् कौनलाई लैजाम् तिमीर दुइटैमा ।

*२३*

**घाम लागो घमाइलो, संगी देख्दा रमाइलो...**
पानीमा परो रिमिमा झिमि घाम लागो घमाइलो
एकलू हुँदा रुन मलाई लाक्च संगी देख्दा रमाइलो ।

*२४*

**घिः घिःलाई नभने, छिः छिः लाई नभने...**
सेनोमा सेनो सुँगरै पाठा घिः घिः लाई नभने
गीतैर गाउन सीप-ढंग छैन छिः छिः लाई नभने ।

*२५*

**घुम छैन रुझायो, आफै मन बुझायो...**
रिमिलाई झिमि पानी है आयो घुम छैन रुझायो
यै मन रोयो यै मन हाँसो आफै मन बुझायो ।

*२६*

**चरीले चाखेको, बचनै राखेको...**
अँधेरी खोला गुयाँली पाक्यो चरीले चाखेको
गीतैर गाउँन सीप ढङ्ग छैन बचनै राखेको ।

*२७*

**चरीले टेकेको, भेट हुन लेखेको...**
पिपलुको तेरसो हाँगा चरीले टेकेको
टाढैको चेली टाढैको माइती भेट हुन लेखेको ।

*२८*

**चिलिमले भनो राम, तिरथै घुम्न जाम...**
हौँकाले भनो गुडुमा गुडु चिलिमले भनो राम
तरुलै खनी जीउ पालन भैन तिरथै घुम्न जाम ।

*२९*

**चील पनि बाजै हो, दिन पनि राजै हो...**
अकाशै भरी मनिडलै मारो चील पनि बाजै हो
टाढैको चेली टाढैको माइती भेट भाको आजै हो ।

*३०*

**चौपारी चिनुम्ला, पैसा हाली किनुम्ला...**
खोलीको ढुंगा टपक्कै टिपी चौपारी चिनुम्ला
गोयाको जोबान फर्की आम्च भने पैसा हाली किनुम्ला ।

*३१*

**छेउ लायो खुरुरु, मन रुन्च धुरुरु...**
सानोमा सानो साधने हलो छेउ लायो खुरुरु
समझी लेम्दा यो.सोची लेम्दा मन रुन्च धुरुरु ।

*३२*

**छेउ भेटो हलिकाले, दिन गोयो झलिकाले...**
असारै मास उरिलिने भेल छेउ भेटो हलिकाले
रातलाई गोयो सै सपनीले दिन गोयो झलिकाले ।

*३३*

**जाल पुगो दोभान, गोयो मेरो जोबान...**
घाटमा बस्ने घटबारे दाजु जाल पुगो दोभान
दर्पन छाया यो हेरीहेरी गोयो मेरो जोबान ।

*३४*

**जुनलाई नगने, बैसले नभने...**
अकाशै भरी नमलाखै तारा जुनलाई नगने
विरहले गाएको गीत बैंसले नभने ।

*३५*

**जोरैर गौंथली, बालैर दौंतरी...**
अकाशै भरी मनिडलै मारो जोरैर गौंथली
हाँसदै आउँला खेलदैं आउँला बालैर दौतरी ।

*३६*

**झालै र पुरनी, म कसो गरुँनी...**
गोठला दाइले घाँसैर काटो झालैर पुरेनी
हेर्दामा हेर्दै दोमनमा परेँ म कसो गरुँनी

*३७*

**झुलेर बहर, गोइन मेरो लहर...**
नामलै चुँडो दामलै चुँडो झुलेर बहर
दाँरीमा जुँघा मलिमलि आयो गोइन मेरो लहर ।

*३८*

**ठामठामै बिसाउने, कोही छौकि रिसाउने...**
भरिया दाइले भारी है बोको ठामठामै बिसाउने
तिमीर हामी बसेको ठाउँमा कोही छौकी रिसाउने ।

*३९*

**डम्फैको घरैमा, जुलपी फेरैमा...**
साठी असी किलैर ठोक्यो डम्फैको घेरैमा
सुनैको सिखरी मै घुमाई दिम्ला जुलपी फेरैमा ।

*४०*

**तल हेरो निरहे, केमा छुटो बिरहे...**
माथिलाई हेरो जामकाली लेख तल हेरो निरहे
कि मलाई लागो संगीको मया के छुटो बिरहे ।

*४१*

**तल परो भारसे, बुझ्फे है पारसे...**
माथिलाई परो बुकेनी लेक तल परो भारसे
हातको शानले बोलाउने छैन बुझ्फे है पारसे ।

*४२*

**तासुम्ला भुरुङ, नक्कले गरुङ..**
लेकैमा जाम्ला गुरुमासै लेम्ला तासुम्ला भुरुङ
भोटोलाई माथि आस्कोटै लायो नक्कले गुरुङ ।

*४३*

**तीनतारे ताँति ताँति, हुन लागो भाँति भाँति...**
अकाशै भरी नमलाखै तारा तीन तारा ताँति ताँति
सत्य जुक गोयो कली जुक लागो हुन लागो भाँति भाँति ।

*४४*

**तेल भिजो सिउँदैमा, म आम्चु हिउँदैमा...**
कोरीलाई बाटी सै चुलठीमा तेल भिजो सिउँदैमा
मयालाई मारी नैबसे चेली मै आम्चु हिउँदैमा ।

*४५*

**दुई मैना बरिखालाई, छोरी पायो अरिकालाई...**
गोठला दाईले सेघु है बुनो दुई मैना बरिखालाई
छोरालाई पायो अंशैको धनी छोरी पायो अरिकालाई ।

*४६*

**धरती धसुम्ला, कति दिन बसुम्ला...**
धरनीको कोमदाली मेरो धरती धसुम्ला
तिमीर हामी यसैमा गरी कति दिन बसुम्ला ।

*४७*

**धुम्सिलो पाखैमा, आऊ नानी काखैमा**
ढुकुरी चरीले गुँडै र लायो धुम्सिलो पाखैमा
एकलु बस्दा नरमाइलो लाग्छ, आउ नानी काखेमा ।

*४८*

**धुरीलाई नयाँ खर, केलाई चाइयो मलाई घर...**
दाँतीलाई लायो सै बँढियाले धुरीलाई नयाँ खर
उड्ने चरी फिरने जोगी केलाई चाहियो मलाई घर ।

*४९*

**धुरीलाई बँढिया, कसैलाई नदिया...**
दाँतीलाई लायो सै बनकसीले धुरीलाई बँढिया
मलाईर भनी साँचेको जोबान कसैलाई नदिया ।

*५०*

**पछि लागो तीन तारे, बसी जाम्ला दिन चारे...**
अघिलाई लागो सै फोक्के तारा पछि लागो तीन तारे
चेलीको देश रमाइलो रैच बसी जाम्ला दिन चारे ।

*५१*

**पारि डौँगा तारिदेऊ, रोजी केटी पारिदेऊ...**
घाटमा बस्ने घटवारे दाजु पारि डोंगा तारिदेऊ
कत्तिको रैचौ ल्हुम्पेकी थानी रोजी केटी पारिदेऊ ।

*५२*

**पान खाम्ला धोएर, छुट्टिम्ला रोएर...**
सुपारी खाम्ला कुटुमा कुटु पान खाम्ला धोएर
धोकैमा फेरी गाई बसुम् चेली छुट्टिम्ला रोएर ।

*५३*

**पानी माथि सलासली, देखे मया झलाझली...**
रानीलाई घाट टुनीको डोंगा पानीमाथि सलासली
नदेखे मया हैमा सुक्कै थियो देखे मया झलाझली ।

*५४*

**पानैर चौकाले, बेलार मौकाले...**
तासै खेल्दा फलाँसै परो पानैर चौकाले
तिमी हामी भेटैर भैयो बेलार मौकाले ।

*५५*

**पुरेयो नूनखानी, कोले देला सुनपानी...**
सिमली भुवा उडाइर लगो पुरेयो नूनखानी
बिरानो देशमा मै मोरो भने कोले देला सुनपानी ।

*५६*

**फुकाए फुक्ला कि, लुकाए लुक्ला कि...**
मादलुको सैजोली तना फुकाए फुक्ला कि
तिम्रोर हाम्रो यो लैनी मया लुकाए लुक्ला कि ।

*५७*

**फूल लाम्ला बामरी, बसे है रामरी...**
शिरैमा लाम्ला कपासे टोपी फूल लाम्ला बामरी
जानेर बेला भैसको मेरो बसे है रामरी ।

*५८*

**बजायो ढोलकी, भोलि पनि होला कि...**
बाटोलाई माथि दमैको घरमा बजायो ढोलकी
आजलाई जसो रमाइलो दिन भोलि नि होला कि ।

*५९*

**बटौली सियाँलो, बसेको बियाँलो...**
तान्सेनै डाँडा लाकुरी छाँया बटौली सियाँलो
भेट भाको बेला गाई बसौँ चेली बसेको बियाँलो ।

*६०*

**बसेर गोडुम्ला, रोएर छोडुम्ला...**
मखलाई मली मलिकनै लागो बसेर गोडुला
हाँसीमा हाँसी लाएको माया रोएर छोडुम्ला ।

*६१*

**बाकरी खोरैले, सारंगी स्वरैले...**
घरलाई मेरो साँघुरी भयो बाखरी खोरैले
एकै चरण छोपिदेऊ चेली सारङ्गी स्वरैले ।

*६२*

**बाघैलाई धराप, नदिए शराप...**
चरीलाई थापो सै लिसे पासा बाघैलाई धराप
बोलेको बचन नपुगो भनी नदिए शराप ।

*६३*

**बाटैमा बजाम्ला, मै साथै लैजाम्ला...**
पितलै काटी मार्चुङ्गी मेरो बाटैमा बजाम्ला
धुरुमा धुरु नरुनु होला मै साथै लैजाम्ला ।

*६४*

**बाघ हानो घुनाले, बाँचेकोर हुनाले...**
मधेशैको सै दमारैमा बाघ हानो घुनाले
रातलाई भरी गाइ बसुम् चेली बाँचेको हुनाले ।

*६५*

**बाघै मुखे लेखेको, सपनीर देखेको...**
हातैमा लाउने चाँदीको बालो बाघै मुखे लेखेको
तिमीर हामी भेट हुन रैच सपनी देखेको ।

*६६*

**बारदली कौसीमा, दिल बसो रक्सीमा...**
सिरिमा सिरि बतासै चलो बारदली कौसीमा
भातीको झोल हेर्ने मन भैन दिल बसो रक्सीमा ।

*६७*

**बारीको बोकेझार, नपार लोकेचार...**
गोठैमा भरी सोठोरै लायो बारीको बोकेझार
हातैमा सीप जस्तोमा जस्तो नपार लोकेचार ।

*६८*

**मधेशे सिँभीलाई, के भयो तिमीलाई...**
रिमिमा झिमि पानी है परो मधेशे सिँभीलाई
जहिले पनि सुतेकै देख्छु के भयो तिमीलाई ।

*६९*

**मधेशे गोरुलाई, लाग्दैन अरुलाई...**
नाखैमा छेंडी सुथरी लायो मधेशे गोरुलाई
तिमीलाई जसो बहुतै मया लाक्दैन अरुलाई ।

*७०*

**बेलौती काँचो छ, मै मोरे खाँचो छ...**
गन्डकीको सेरोर फेरो बेलौती काँचो छ
जेठीलाई मोरे कानछी लेम्ला मै मोरे खाँचो छ ।

*७१*

**बहरै दाउनाले, मै पापी आउनाले...**
हलैर भाँचो जुवैर भाँचो बहरै दाउनाले
चेलीको मन बिखासै भयो मैर पापी आउनाले ।

*७२*

**बोटेले खियाउने, सबैले हियाउने...**
रानीलाई घाट टुनीको डोँगा बोटेले खियाउने
दुःखीको छोरा नहोनु रैच सबैले हिआउने ।

*७३*

**बनियाँ बजार, तिरुम्ला हजार...**
पानैर खायो सुपारी खायो बनियाँ बजार
मयालाई पाए केजानु छैन तिरुम्ला हजार ।

*७४*

**भैसी मेरो हतासे, छोरा पायो बतासे...**
गाईलाई मेरो जतामा तता भैंसी मेरो हतासे
छोरीलाई पायो अर्कैको घरमा छोरा पायो बतासे ।

*७५*

**भैँडीको साँढले, छेको पापी डाँडाले...**
उमली उम सिँगैर भाँचो भैँडीको साँढले
चेलीको देश हेरुम्ला भन्दा छेको पापी डाँडाले ।

*७६*

**भूईँ छुयो टुप्पैले के गरो रूपैले...**
गन्डकी पारि बाँसैको घारी भूईँ छोयो टुप्पैले
न मेरो छोरा न मेरो छोरी के गरो रूपैले ।

*७७*

**भारी बोको पउनी, नमोरी नहोने...**
बटौलीदेखि तान्सिनैसम्म भारी बोको पउनी
अजम्बरी चोला कसैलाई छैन नमोरी नहोने ।

***७८***

**मुसा खाने बिरालो, सम्म छ कि भिरालो...**
तामालाई खाने सै नेउरी मुसा मुसा खाने बिरालो
चेलीर रिमै बसेको ठाममा सम्म छ कि भिरालो ।

***७९***

**मादलुर छमतुना, दुरुस्तै नमतुना...**
डम्फैर बज्यो सै एकु ताल मादलु छमतुना
आजको दिन रमाइलो छिन दुरुस्तै नमतुना ।

***८०***

**लेखैको टुनीमा, यसैर जुनीमा...**
ढुकुरी चरी गुरुजनै लागो लेखैको टुनीमा
हाँसन पाइन खेलन पाइन यसैर जुनीमा ।

***८१***

**लेखुम्ला भनेर, देखुम्ला भनेर...**
हातैमा लियो कलमे मसी लेखुम्ला भनेर
चारैमा दिशा नजरै लायो देखुम्ला भनेर ।

***८२***

**रन्जपुरे बारुतै, माया केले मारुतै...**
पिउठाने नाला बनदूकै मेरो रन्जपुरे बारुतै
पानीको तिरखा पानीले मेटो मया केले मारुतै ।

***८३***

**रसले नुगायो, दशाले घुमायो...**
एकुमा डाँडा गुलैंची फुलो रसले नुगायो
जान्नलाई भन्दा जान मलाई परो दशाले घुमायो ।

***८४***

**राँकुखोला थुनियो, केमा राम्रो सुनियो...**
असारै मास उर्लने भेल राँकुखोला थुनियो
मयालु रिमैले गाएको गीत केमा राम्रो सुनियो ।

*८५*

**राखुम्ला जमरा, मै हुम्ला भमरा...**
दसैँ आयो नमदुर्गा लाग्यो राखुम्ला जमरा
तिमी पो हौला पम्फैको फूल मै हुम्ला भमरा ।

*८६*

**रानीघाटे दरिबार, भैन मेरो घरिबार..**
तान्सिनै जाँदा देखेको मैले रानीघाटे दरिबार
बीस पुगी एकाइसै लागैँ भैन मेरो घरबार ।

*८७*

**रामरामको भीरैमा, काल घुमो शिरैमा...**
घुनुलाई घुनु  मामरी घुमो रामरामको भीरैमा
बाँचुम्ला भन्ने केइ आश छैन काल घुमो शिरैमा ।

*८८*

**रेलैको लयन, के फेरो चयन...**
नौतुनाबाट सुनौलीसम्म रेलैको लयन
के खायो मैले सिसैको गोली के फेरो चयन ।

*८९*

**रानीलाई पाहुर, घर छोडी लाहुर...**
एकैलाई मुठी पालुङ्गी साक रानीलाई पाहुर
तरुलै खनी जीउ पालन भैन घर छाडी लाहुर ।

*९०*

**विजुली लाइट, घरमा छौ कि माइत...**
लाहुरे दाइले केमा चिज लेयो विजुली लाइट
गीतै र गाँउने मयालु रिमै घरमा छौ कि माइत ।

*९१*

**सतिको चिहान, छुट्टिम्ला बिहान...**
बाँसैको लिंगो तुनैको धजा सतिको चिहान
रातैलाई भरी गाइबसुम चेली छुट्टिम्ला बिहान ।

*९२*

**सिरसन सकिन, बिरसन सकिन...**
गोठला दाइले नामलीर बुनो सिरसन सकिन
बालखै कालमा हाँसेको बानी बिरसन सकिन ।

*९३*

**सिरसन सकिन, बिरसन सकिन...**
शिरैमा लाउने कपासै टोपी सिरसन सकिन
हाँसेको बानी खेलेको बानी बिरसन सकिन ।

*९४*

**सुकेको धयाँर, बुढोर भयाँर...**
दाउरे दाइले दाउरै काटो सुकेको धयाँर
झाम्रे गीत खेल गाउने थियाँ बुढोर भयाँर ।

*९५*

**सिरिसे झेलैमा, मुखैको खेलैमा...**
सिरिमा सिरि बतासै चलो सिरिसे झेलैमा
टपप्कै टिपी मैलाने छैन मुखैको खेलैमा ।

*९६*

**सेतीले सेहोला, गाएर के होला...**
कालीले लेयो ढुंगैर मुढा सेतीले सेहोला
तिमीर हामी भेट भाको बेला गाएर के होला ।

*९७*

**हरियो खोर्सानी, समझाउने बिर्साउनी...**
अचारै मीठो रम्मर झम्म हरियो खोर्सानी
गीतैर गाम्तो झामरे लाम्तो समसाउने बिर्साउनी ।

*९८*

**हात काटो चोयाले, समझो मयाले...**
टाकेलाई टुके निगली हात हात काटो चोयाले
खुटुमा खुटु बाडुकी लागो समझो मयाले ।

***९९***

**हानुम् भने सर छैन, बसुम् भने घर छैन...**
फेतुमा फेतु मिरगु आयो हानुम् भने सर छैन
उडुम्मा भने मै पंखी हैन बसुम् भने घर छैन ।

***१००***

**हानो है चिर्कैले, म मोरो तिर्खैले...**
गन्डकी पारि बाँसैको घारी हानो है चिर्कैले
पानीको धारा देखाइदेउ चेली मै मोरो तिर्खैले ।

***१०१***

**हुलाकीले ओसारो, जुँघा मैले मसारो...**
पिउठाने नाला बनदूकै मेरो हुलाकीले ओसारो
रकसी बोतल काखैमा राखी जुँघा मैले मसारो ।

क्रमशः

## संकलकको परिचय:



**नाम** भुवन थापा 'बहुवि'
**जन्मस्थान:** सत्यवती गाउँपालिका-२, ठूलोलुम्पेक, थुम्का
**शिक्षा** ललितकलाचार्य, मूर्तिकला
**संलग्नता** सहायक प्राध्यापक, काठमाडौं विश्वविद्यालय,
स्कूल अफ आर्टस्, कला तथा डिजाइन विभाग

**ईमेल:** bhuwan@kuart.edu.np / bahuvi12@gmail.com
**वेब साइट** bhuwanthapa.com.np
**मेबाइल नं.** 9851176212

**प्रकाशित कृतिहरू**

* **दरिद्रताको भुमरी** ( कविता संग्रह) २०५०
* **द्यौसीभैलो** (सांस्कृतिक गीत संग्रह) २०५१
* **शंकाले लंका** (हाइकु लहरी ) २०६०

**एकल कला प्रदर्शनी**

* **आत्मानुभूति** २०७२
  नेपाल आर्ट कान्सिल, बबरमहल, काठमाडौं
* **प्रकृति र कला** २०७७
  सत्यवती-३, ठूलोलुम्पेक, क्याङ्ग सत्यवती, गुल्मी
* **अर्थभित्रको अर्थ** २०८१
  ताक्पा ग्यालेरी, लाजिम्पाट, काठमाडौं